आज मिति २०७५ साल भाद्र २२ गतेका दिन घ्याङ-लेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगतबहादुर मोलनज्यूको अध्यक्षतामा बसी तपशिल अनुसारका प्रस्तावहरू माथि छलफल गरी तपशिल अनुसारको निर्णय गरियो ।

## उपस्थिति

| | |
|---|---|
| श्री जगतबहादुर मोलन | अध्यक्ष |
| श्री सुर्गादेवी सुनुवार | उपाध्यक्ष |
| श्री रामकाजी वाइबा | सदस्य |
| श्री एकबहादुर खड्का | " |
| श्री कृष्णबहादुर थिङ | " |
| श्री चक्रबहादुर पाख्रिन | " |
| श्री विष्णुकुमार कर्माचार्य | " |
| श्री जेसुन्दरीमाया वाइबा | " |
| श्री जानुका थापामगर | " |
| श्री यमकुमारी दमाई | " |
| श्री गंगामाया वि.क. | " |
| श्री हिमालीमाया वि.क. | " |
| श्री सुनमाया थिङ | " |
| श्री सन्तोष नेपाली | प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थित :-

| | |
|---|---|
| श्री भरतजंग थापा | ना.सु. |
| श्री मेघलाल योञ्जन | सहलेखापाल |
| श्री सुदिप थापा | कम्प्युटर अपरेटर |

## निर्णयहरू :

### निर्णय नं. १ :

गाउँपालिकाको अध्यक्षज्यूको सचिवालयमा रहनेगरी एकजना कार्यालय सहयोगी तथा उपाध्यक्षज्यूको सचिवालयमा एकजना कार्यालय सहयोगी मासिक रु १२,०००/- तलबभत्ता दिनेगरी राख्ने तथा न्यायिक समितिको सचिवालयमा कामकाज गर्नेगरी एकजना सहायक कम्प्युटर अपरेटर शुरुतलब स्केल बराबरको रकम भुक्तानी दिनेगरी नियुक्ति गर्ने निर्णय गरियो

### निर्णय नं. २ :

गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरू, सहकारि

संस्थाहरु तथा अन्य संघ संस्थाको अन्तिम लेखापरीक्षण गर्नको लागि मान्यता प्राप्त रजिष्टर्ड अडिटरबाट गराउनु पर्ने भएको हुँदा गाउँपालिकामा सूचीकृत अनिवार्य रुपमा गराउनुपर्ने निर्णय गरियो ।

निर्णय नं. ३(तीन)

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गरी स्वच्छ तथा पारदर्शी एवं प्रतिस्पर्धात्मक तरिकाबाट स्रोत साधनको उच्चतम उपयोग गर्दै सार्वजनिक निर्माण क्षेत्रमा निजी क्षेत्रको पहुँचको लागि यस घ्याङलेख गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी ~~सम्बन्धी~~ इजाजतपत्र सम्बन्धी कार्यविधि '२०७५' सर्वसम्मतबाट निर्णय गरियो ।

निर्णय नं. ४ :-

जिल्ला आयोजना कार्यान्वयन इकाई, सिन्धुलीबाट संचालन भएको पिपलमडयाङ - हायुटार - नेत्रकाली सडक खण्ड आ.व. ०७४/७५ देखि टेण्डर प्रक्रिया अगाडि बढाई नामा एण्ड अमर कन्स्ट्रक्सन (जे.भी) बाट निर्माण कार्य भैरहेको, सो कार्यको लागि आवश्यक पर्ने ढुङ्गा, गिटि, बालुवा यस गाउँपालिका भित्र कोकाजे नदी खोलाबाट प्रयोग गरेकोमा हालसम्म निर्माण कम्पनीले गाउँपालिका सँग कुनै समन्वय नगरी आफुखुशी निर्माण कार्य गर्दै आएको साथै प्रयोग भएको सामग्रीको कुनै किसिमको रकम भुक्तानी नगरेको हुँदा आयोजना शुरु मितिबाट हालसम्मको कार्यसम्पन्न प्रतिवेदनको आधारमा गाउँपालिकाको दररेट अनुसार रकम उपलब्ध गराउने व्यवस्था मिलाइदिनुहुन जिल्ला आयोजना कार्यान्वयन इकाई (DLPIU) सिन्धुलीलाई पत्राचार गरी पठाउने निर्णय गरियो ।

सन्तोष नेपाली
प्रमुख प्रशासकिय अधिकृत

हिमाली

गगा

यम